# ३. क्रूसको समझ (भाग ३) : क्रूसको गुण

क. मुख्य पदहरु

| | |
|---|---|
| १यूहन्ना २:१-२ | १यूहन्ना ४:४ |
| २पत्रुस १:३ | १पत्रुस २:२४ |

ख. परिचय

हामी निराशा र अविश्वासमा जिएको र परमेश्वर पिता हाम्रा सबै आवश्यकताहरु पूरा गर्न सक्नुहुन्छ भन्ने कुरामा हामीले विश्वास नगरेको शैतान चाहन्छ. तर कलवरीको क्रूसमा परमेश्वरले आफ्ना प्रतिज्ञा र सिद्धान्तहरु प्रतिपादन गरिसक्नु भएको छ. यदि आफ्ना जनहरुको प्रत्येक शारीरिक, भौतिक र आत्मिक खांचोहरु पूरा गर्न उहाँ असमर्थ हुनुभएमा उहाँले आफ्नो पुत्रद्वारा सम्पन्न गर्नुभएको कामलाई नकार्नु भएको ठहर्छ (२कोरिन्थी ८:९). ख्रीष्टले सम्पन्न गर्नुभएको कामलाई हामी चार क्षेत्रमा हेर्नसक्छौं : क्षमा, प्रबन्ध (व्यवस्था), विजय र चङ्गाई).

ग. क्षमाको गुण

अरुलाई दोषी मान्नु मानव अनुभवको स्वाभाविक विशेषता हो. धेरै क्रिश्चियन विश्वासीहरु अपराधबोधदेखि पीडित छन्. परमेश्वरसितको सँगतिमा हाम्रो निरन्तर असफलताको बोध, प्रत्येक अन्य मानिसहरुसित गरिनुपर्ने व्यवहारका कारण उत्पन्न हुने दबावले हामीलाई अपर्याप्तता तथा अयोग्यपनको भावनातिर घचेट्छ. परमेश्वरको दृष्टिमा क्षमा एउटा ठोस चीज हो. येशू ख्रीष्टमा परमेश्वरले हाम्रा सबै पापहरु छोप्नु भएको छ. जब हामी पश्चाताप र स्वीकारोक्तिमा उहाँकहाँ आउंछौं हाम्रो मुक्तिदाताको मृत्युद्वारा हामीलाई धुन र स्वतन्त्रता, स्वस्थता - ताजापन (जुन उचित पनि हो) को बोध गराउन उहाँ कहिल्यै पछि पर्नुहुन्न. तर शैतान हामीलाई यतिमै छोडन तयार छैन. हाम्रा कमजोरीहरुसित खेल्न र हामीलाई बन्धन तथा अपराधबोधतिर डोऱ्याउन शैतान मन पराउंछ. यहाँनिर हामीले क्षमा प्राप्त गर्नु अति आवश्यक छ. हाम्रा पापको दण्ड हामीले पाउनैपर्छ भनेर कुनै तरीकाले पनि शैतानले हामीलाई मनाउन खोज्छ. तर कलवरीको काम र धर्मशास्त्रको शिक्षाको यो बिल्कुल विपरीत

छ. येशूले हाम्रा सबै ऋणहरु तिरिसक्नु भएकोछ र उहाँमा हामीले क्षमा पाउनुपर्छ (१यहून्ना १:७-९). हामीसँग एकजना उद्धारकर्ता हुनुहुन्छ जसले पितासँग अहिले हाम्रो निम्ति बिन्ती गरिराख्नु भएकोछ. हामीले आफ्नो मुख खोलेर क्षमा मागिसके पश्चात उहाँले हाम्रो नाम पिताको सामुन्ने लिनुहुन्छ.

## घ. प्रवन्ध (व्यवस्था) को गुण

हामीले परमेश्वरमा विश्वास गरेपनि उहाँले हाम्रो निम्ति केही काम नगर्नुभएसम्म शैतानको टाउको दुख्दैन. पवित्र आत्माको सामर्थ्यबाट हामीले नयाँ जन्म पाउँछौं. यसरी परमेश्वरसित कायम भएको हाम्रो जीवित सम्बन्धलाई शैतान चुँडाउन चाहन्छ. आत्माद्वारा हामीले परमेश्वरलाई पिताका रुपमा चिन्छौं र उहाँद्वारा नै सरल विश्वास र भरोसासाथ हामी हाम्रो परमेश्वर पिताकहाँ आउँछौं (रोमी ८:१५-१६). *"जसले आफ्नै नीज पुत्र बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ?* (रोमी ८:३२)" जब हामी केहीकुराका निम्ति छटपटाइरहेका हुन्छौ त्यतिबेला हामी कलवरीमा आउनुपर्छ. येशू पछि अरु सबै आवश्यकताहरु केवल पुच्छर मात्र हुन. हाम्रा सबै आवश्यकताहरु उहाँमा नै गाभिएका छन्. उहाँमा विश्वास गरेपछि हाम्रो जीवनमा दैनिक रुपमा ती खाँचोहरुको पूर्ति हुनेछ.

## ङ. विजयको गुण

उहाँको मृत्युमा संसार, पाप, मृत्यु, शैतान र प्रत्येक मानिसलाई सताउने महान शत्रुमाथि येशूले विजय प्राप्त गर्नुभएको छ. शैतानले हामीलाई ती माध्यमद्वारा हार र कमजोरीतिर निरन्तर धकेल्न खोज्छ. येशूमा भएको हाम्रो विजयबारे हामी प्रष्ट हुनुपर्छ र यसरी हाम्रो जीवनमा हुनसक्ने शैतानका आक्रमणहरुमाथि हामी बिजयी हुनसक्छौं. हाम्रो निम्ति येशूले पाप र मृत्युमाथि विजय प्राप्त गर्नुभएको छ (रोमी ५:१२, १५). क्रूसमा पूरा गरिएका कामहरुमाथि बिश्वास गर्ने क्रिश्चियनहरुका जीवनमा शैतानका दुई मुख्य हतियारहरु - डर र दोष - काम नलाग्ने भएका छन्. हाम्रो निम्ति येशूले संसारलाई जितिसक्नुभएको छ. शैतानको दुष्ट व्यवस्था संसार हो र यो परमेश्वरको व्यवस्था र समाजमा भित्रसम्म छिरेको छ.

यसले मानिसहरुलाई परमेश्वरबाट हटाएर अन्धकारमा लैजान्छ. तर क्रूसमा पूर्णता प्राप्त गरेका कामहरुद्वारा प्रभुले यो अन्धकारमय संसारको शक्ति र सिद्धान्तमाथि विजय पाउनुभएको छ. पवित्र आत्माको वर्तमान सामर्थ्यद्वारा हामी उक्त विजयमा साझेदार हुनसक्छौं (१यूहन्ना ५:४-५). शैतानमाथि उहाँले हाम्रो निम्ति विजय पाउनुभएको छ. क्रूस वास्तवमा परमेश्वर र शैतान बीचको लडाईंमा निर्णायक विन्दु हुन पुगेको छ. क्रूसबाट हामीले जे जति पाएका छौं येशूले त्यहाँ विजय प्राप्त गर्नुभएकोले गर्दा हो. कुनै अंध्यारो र गुप्त कुनामा यो लडाई जितिएको नभएर सबैले देख्नसक्ने सार्वजनिक स्थलमा भएको थियो. निराशा वा कमजोरीमा येशूले, "अब सिद्धियो" भन्नु भएको होइन तर वास्तवमा परमेश्वरको त्यस महान विजयलाई सबैका सामू शंखघोष गर्नुभएको थियो. विश्वासमा येशू ख्रीष्टसँगै उभिनेहरुलाई कुनै खतरा नआओस भनेर परमेश्वरले येशूमा अन्धकारका सबै शक्तिहरुलाई जित्नुभयो (कलस्सी २:१३-१६).

च. चंगाईको गुण

पाप क्षमाको रुपमा उद्धारको दान विश्वव्यापी दानस्वरुप हामीलाई क्रूसबाट प्राप्त भएको हो. तथापि पिताले आफ्नो इच्छा मुताविक उपलब्ध गराउनुहुने प्रत्येक कुराका निम्ति कलवरीको क्रूस मुख्य आधार हो. यसमा चंगाई पनि समावेश छ. जब हाम्रो जीवन पिताले देख्नुहुन्छ र त्यसपछि उहाँ हामीप्रति कत्तिको उदार चित्तको बन्नसक्नुहुन्छ, अथवा हाम्रो विश्वास कत्तिको छ आदि कुराले पनि यी प्रावधानहरु हाम्रा निम्ति उपलब्ध हुनसक्ने परिमाण निर्धारण गर्छ. लुकेका (प्रष्ट नभएका) अन्य कारणहरु पनि छन्. तैपनि यी कारणहरुले गर्दा हाम्रा प्रत्येक आवश्यकतामा सहायताको निम्ति पितासँग विन्ती गर्ने र विश्वाससाथ प्रार्थना गर्नबाट हामी चुक्नु हुँदैन. उहाँमा हामी भरोसा गर्नसक्छौं तर उहाँलाई जबर्जस्ती भने गर्न सक्दैनौं (व्यवस्था २९:२९). कलवरीमा पिताको कामको उद्देश्य शरीरको चंगाई एक अभिन्न तथ्य भएको तीनवटा मुख्य कारणहरुबाट प्रष्ट हुनजान्छ -

१. येशूको मृत्यु र पुनरुत्थानमा परमेश्वरले चंगाईको एउटा निश्चित सिद्धान्त प्रतिपादन गर्नुभएको छ. टुटेको र चिथरिएको रुपमा येशूको मृत्यु भएको थियो तर चंगाई भएर सम्पूर्णमा उहाँको पुनरुत्थान भएको थियो.

२. क्रूसको काममा शारीरिक चंगाई पनि समावेश भएको कुरा धर्मशास्त्रले साक्षी दिएको छ (रोमी ८:११). हाम्रो पाप उठाउन मात्र येशू मर्नुभएको होइन तर हाम्रो दु:ख तथा कमजोरीहरुलाई लिन पनि हो (यशैया ५३:४-५; १ पत्रस २:२४). हाम्रो शरीर, प्राण र आत्मा बचाउन पनि येशू मर्नुभएको हो.

३. पवित्र आत्माको सामर्थ्यमा हुने चंगाईका बारेमा प्रत्यक्ष साक्षी यो हो : हामी अनन्त जीवनको सामर्थ्य र असलतामा बांचौं भन्ने परमेश्वरको उद्देश्य रहेको छ. कहिल्यै पनि चंगाई नपाएको विश्वासी पनि हुन्छ भन्ने सुन्नु अचम्मकै कुरा हुनजान्छ.

असल र खराब बीचको लडाईंमा क्रूस वास्तवमा एउटा निर्णायक बिन्दु भएको थियो. अन्तमा त्यहाँ शैतानबाट उसको सारा अधिकारहरु खोसिएका थिए र सधैंको निम्ति उसको भाग्य तोकिएको थियो. तर पनि युद्ध जारी नै छ. त्यसैगरी हाम्रो चंगाईको निम्ति निर्णायक काम पूरा भैसकेको छ तापनि हामीले पूर्ण चंगाई भने पाएका छैनौ. परमेश्वरको अनुग्रहको प्रत्येक आश्चर्यकर्महरु प्रतिज्ञाका आश्चर्यका कामहरु हुन्. येशू आफ्नो महिमाको राज्यमा आउनुहुंदा घटन जाने घटनाको यो पूर्व-संकेत हो. युद्धमा विजय भएको तर पूरा नजितिसकिएको तथ्यले प्रत्येक क्षेत्रमा आत्मिक युद्ध लडनबाट हामी रोकिन मिल्दैन. त्यसकारण चंगाईका सम्बन्धमा निश्चय नै लडाईंको यो एक अंश हो. सबै कुरा सिद्ध भैनसकेको हामीलाई थाहा छ तथापि यसले गर्दा प्रार्थना गर्नलाई भने हामी अल्छी हुनुहुदैन.

## छ. हामीले चंगाई प्राप्त गर्न नसक्नुका ६ कारणहरु

१. आफ्नो चंगाईंको निम्ति कति मानिसहरुमा विश्वास हुदैन (याकूब ५:१५).

२. स्वीकार नगरिएका व्यक्तिगत गुप्त पापहरु परमेश्वरको अनुग्रहको निम्ति बाधा स्वरुप हुन (याकूब ५:१६).

३. विश्वासीहरुको परिवार तथा झुण्डमा व्याप्त पाप, अविश्वास र निरन्तर र व्यापक झै झगडाले शरीरका अंगहरुमा चंगाई हुन दिदैन (१कोरिन्थी ११:३०).

४. के कुराले समस्या उत्पन्न भइरहेछ सो पत्ता लगाउन नसक्नाले पनि ठीक प्रकारले प्रार्थना गर्न मानिसहरुले सकिरहेका हुंदैनन्.

५. परमेश्वरले तुरुन्तै निको पार्नुहुन्छ भन्ने कतिजना मानिसहरु सोच्छन्. आफूले सोचे अनुसार भएन भने तिनीहरु प्रार्थना गर्न छोड्छन्.

६. आफ्नो चंगाईको निम्ति कैयौं मानिसहरु गलत ठाउँमा जान्छन्. चंगाईको प्रक्रियाको निम्ति परमेश्वरको वचन सुन्नु जरुरी हुन्छ. कैयौं मानिसहरुले परमेश्वरबाट सिधै अलौकिक चंगाई पाउंछन भने कतिचाहिं डाक्टरहरुको सहायताबाट निको हुन्छन. याद गर्नुहोस् सबै चंगाई परमेश्वरबाट आउदैन. जीवनका यी गहिरा क्षेत्रहरुमा चंगाई प्राप्त हुंदा कहाँबाट त्यो प्राप्त हुदैछ त्यस बारेमा हामीले हाम्रो विवेक प्रयोग गर्नुपर्दछ.

ज. अन्तमा

क्रूस बाहेक अन्त कतै निसर्त प्रेम कहीं देखिएको छैन (१यूहन्ना ४:१०). उहाँका सन्तानका रुपमा हाम्रो स्वर्गीय पिताकहाँ आउन हामी उत्साहित हुनुपर्दछ. हाम्रो लागि के उत्तम छ र हुन्छ उहाँ सो जान्नुहुन्छ. हामीलाई आवश्यक परेका बेलामा कृपा र अनुग्रह पाउन अनुग्रहको सिंहासनको सामून्ने हामी भरोसासाथ आउनुपर्दछ (हिब्रु ४:१६). येशूको जीवन, मृत्यु र पुनरुत्थानद्वारा हाम्रो हरेक आवश्यकता पूर्ति गर्ने व्यवस्था परमेश्वरले मिलाउनु भएको छ (रोमी ८:३२).

झ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. धेरै क्रिश्चियनहरु किन दोषी, अयोग्य र अपर्याप्त अनुभव गर्छन् ? छलफल गर्नुहोस्.

२. दोषमुक्त हुनका निम्ति हामीले के गर्नुपर्छ र परमेश्वरले यसको निम्ति कस्तो प्रावधान राख्नुभएको छ ? (१यूहन्ना १:७-९).

३. येशूले गर्नुभएको वलिदानले के हाम्रा सबै आवश्यकताहरु पूरा गर्नसक्छ ?

४. जब हामी ख्रीष्टमा हुन्छौं हामीलाई कति सामर्थ्य उपलब्ध छ र हाम्रो सम्बन्धमा शैतानको के भूमिका हुन्छ ? (एफिसी १:१७-२३).

५. हामीले चंगाई प्राप्त गर्न नसक्नुका ६ कारणहरु पढ्नुहोस. अनि हाम्रो चंगाई येशूले क्रूसमा गर्नुभएको कामको एक अभिन्न अंग भएको बारेमा ३ मुख्य कुराहरुसँग यसको तुलना गर्नुहोस्.

ञ. सारांश र प्रयोग

१. येशूले क्रूसमा गर्नुभएको कामका खातिर परमेश्वरले हाम्रो प्रत्येक शारीरिक, भौतिक र आत्मिक खांचोहरु पूर्ति गर्ने प्रतिज्ञा गर्नुभएको छ.

२. परमेश्वरका सन्तानका निम्ति उहाँको क्षमा उपलब्ध भएकोले तिनीहरुले आफू दोषरहित अनुभव गर्नुपर्दछ.

३. महिमामा भएको उहाँको सम्पत्तिद्वारा परमेश्वरले हाम्रा सबै खांचोहरु पूरा गर्ने प्रतिज्ञा गर्नुभएको छ (फिलिप्पी ४:१९).

४. येशूले हाम्रो निम्ति पाप, मृत्यु र शैतानको कामलाई क्रूसमा गर्नुभएको कामले जितिसक्नुभएको छ.

५. येशूले क्रूसमा गर्नुभएको काममा हाम्रो स्वर्गीय पिताको उद्देश्य शरीरको चंगाई पनि एक अभिन्न हिस्साको रुपमा रहेको छ.